# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या: २०७५।०७६
च.नं.:

मिति: २०७५।१२।१०

श्री प्रमुखज्यू,
त्रिपुरा सुन्दरी नगरपालिका,
डोल्पा ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट त्रिपुरासुन्दरी नगरपालिकाको, आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड ५९ लाख १० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ६ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु.२४ लाख ३६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६९ लाख ७८ हजार र पेश्की रु.५८ लाख ३९ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।८।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ३५यसैसाथ सलंग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**त्रिपुरा सुन्दरी नगरपालिका**

# लेखापरीक्षण प्रतिवेदन

## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । कर्णाली प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ७ वडा, १ प्रतिनिधिसभा सदस्य, वर्ग कि.मी.क्षेत्रफल र जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबकोसंक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | अनुसूची | रकम | | विवरण | अनुसूची | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ५४६७८३१.७५ | १ | **वित्तिय समानिकरण तर्फको चालु खर्च** | ४ | ३३४४२९१०.०० |
| | क) नगद | | | २ | **वित्तिय समानिकरण तर्फको पूँजीगत खर्च** | ४ | १११६७२७४६.०० |
| | ख) बैंक | १ | ५४६७८३१.७५ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | | ९९६५०.०० | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | | १५००००००.०० | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २ | १०७०२९०००.०० | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी फिर्ता** | | ८००००.०० |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | **सशर्त अनुदान तर्फको खर्च** | २ | १०६३०६५४४.०० |
| | क)वित्तीय समानीकरण अनुदान | | | ७ | **अन्य विविध खर्च** | | |
| | ख) सशर्त अनुदान | | | | केन्द्रिय अनुदान | | ५८७२५८४.०० |
| | घ) विशेष अनुदान | | ५३४४२०५३.०० | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ८ | **मौज्दात** | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | क) नगद मौज्दात | | |
| | क) ऋण प्राप्ति | | | | ख) बैंक मौज्दात | १ | ५२२५२९५.०० |
| | ख) साँवा प्राप्ति | | | | **निकासा फिर्ता** | | ७२२४५६.०० |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| १० | **धरौटी आय** | | ८००००.०० | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| | जिल्ला समन्वय समिति (फो.पु) | | ११४०००.०० | | | | |
| | **जम्मा** | | **३१६२३२५३५.००** | | **जम्मा** | | **३१६२३२५३५.००** |

| त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | आर्थिक कारोबारसंग सम्बन्धित आर्थिक विवरण एवं स्रेस्ताहरुको लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अर्न्तराष्ट्रिय मानदण्ड तथा मार्गदर्शनको आधारमा  नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापनपक्षसँग छलफल गरी  मिति २०७५।०६।१६ मा जानकारी गराए पश्चात कायम भएका व्यहोराहरु  निम्नानुसार  छन् । लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वापत रु. १८,८४,८००।-असुल भई राजश्वमा दाखिला भएको छ । | |
| १. | **सेवा प्रवाहः** नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनाबद्ध सहभागितामुलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलाप सञ्चालन गरेको छ । दरबन्दी अनुसार बिषयगत कर्मचारीको अभावको कारण स्थानीय जनताले सेवा प्राप्त गर्न कठिनाई भएको छ । स्थानीय स्रोत र साधनको परीक्षण हुन नसकेको, आन्तरीक स्रोत शुन्य रहेको, सबै खर्च नेपाल सरकारमा भर पर्नुपरेको देखिदा स्थानीय जनताले अपेक्षित लाभ प्राप्त गर्न सकेको देखिएन । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, समितिको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार गर्ने नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, स्विकृत दरबन्दी अनुसार कर्मचारी नरहेको, पेश्की समयमा फछ्र्यौट नगरेको आदि कमीकमजोरी देखिएका छन् । कामको प्रकृति अनुसार  आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले कार्य सम्पादनमा नियन्त्रण, मितव्ययी र पारदर्शी  नहुने हुदाँ सो प्रणाली मजवुत र भरपर्दो बनाउनु पर्ने देखिन्छ । | |
| ३. | **पेश्की व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । कार्यालयमा पेश्की रकमको बिल भर्पाई सहितको विवरण प्राप्त भएपछि ७ दिन भित्र फछ्र्यौट गरी सक्नूपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न बजेट शीर्षक लगायत दिएको कार्यक्रम पेश्की, कार्यक्रम सकेपश्चात तुरुन्त फछ्र्यौट नगरी अधिकांश पेश्की आर्थिक बर्षको अन्तमा फछ्र्यौट गरेको छ ।  साथै पेश्की माथि पेश्की दिने र पेश्की उपलव्ध गराउँदा कार्यक्रम र सोमा लाग्ने रकमको लागत अनुमान तयार नगरी पेश्की लिनेदिने गरेको समेत देखिएको छ । यसमा नियमानुसार सुधार हुनु पर्दछ । | |
| ४. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भए पनि नगरपालिका प्रमुखले प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको छैन । | |
| ५. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान नगरपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ | |

| त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपरोक्त तालिका अनुसार नगरी २०७४ श्रावणमा गाँउ सभाबाट पारित गरेको छ । | |
| ६. | **श्रोतअनुमान तथा वजेट सीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले उपरोक्त कार्य गरेको छैन । | |
| ७. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गनुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । प्रगति बिवरण बेगर कार्यकमको उपलब्धि मापन गर्ने आधार नहुने हुदा नियम अनुसार प्रगति बिवरण तयार गरी पेश गर्नुपर्दछ । | |
| ८. | **चौमासिक खर्चः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा शुन्यप्रतिशत, दोश्रो चौमासिकमा शुन्य प्रतिशत र तेश्रो चौमासिकमा शतप्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ७५प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| ९. | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १०. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन | |

| त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| दफा | विवरण | रकम |
| | हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| ११. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १२. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १३. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १४. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १५. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । तर | |

| त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| | कार्यालयले कर्मचारी कल्याण कोषको लागि रकमको व्यवस्था गरेको छैन । | |
| १६. | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालीकाले त्यस्ता कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| १७. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । | |
| १८. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा नगरपालिका भित्र कर योग्य कारोबार गर्ने व्यवसायिको लगत राख्ने कार्य समेत गरेको देखिएन । | |
| १९. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले (SUTRA) प्रयोग गरेको छैन । | |
| २०. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बर्ष भरी प्रवाह गरेको सेवा तथा खर्चको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गरेको छैन । ऐन नियमको पालना गर्नुपर्दछ । | |
| | **ब.उ.शि.न.३७०८०२** | |
| २१. | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा रकम खर्च गर्दा प्रमाणिक बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । खो.सु. सजंय कुमार मण्डलले सुरक्षित मातृत्व सेवाको माग बढाउन सामाजिक समुह परीचालन कार्यक्रम गर्न लिएको पेश्की रु.१,११,०००।०० फछ्यौट गर्दा संलग्न फांटवारीमा रु.१०६,४००।०० मात्रको बिल भरपाई रहेकोले नपुग रु.४६००।०० निजबाट असुलउपर गर्नुपर्ने रु. | ४६००.०० |
| | **ब.उ.शि.न.३७०८०४** | |
| २२. | बिभिन्न कार्यक्रम सञ्चालन गर्न खो.सु. सञ्जय कुमार शाहले लिएको पेश्की रु.३२,४८,०००।०० फछ्यौट गर्दा निजले स्थानीय तह संचालन खर्च फर्म/ फमेंट | १००००.०० |

<table>
<tr><th colspan="3">त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा</th></tr>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>फोटोकपी गरिएको भनी रु.१००००।०० खर्च लेखेकोमा सोको प्रमाण पुष्टयाई हुने प्रमाण नभएकोले उक्त रकम असुलउपर गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>२२.१</td><td>संलग्न फांटवारीमा कार्यालय संचालन खर्च रु.४०००।०० बैशाखलाई खोप महिनाको रुपमा संचालन गर्दा खाजा खर्च लिई सकेपछि पुन बिबिध र खाजा खर्च बापत रु.७५००।०० र खोपको दिगोपनाको लागि साझेदारसँग अन्तरकिया गर्दा बिबिध खर्च बापत रु.१०४००।००, पोषण कार्यकम अर्न्तगत आकस्मिक योजानामा भत्ता तथा खाजा रु.१३१००।०० सहित रु.३५०००।०० खर्च लेखेको देखियो । उक्त खर्चको पुष्ट्रयाई सहितको आधार प्रमाण नभएकोले निजबाट असुलउपर गर्नुपर्ने रु.</td><td>३५०००.००</td></tr>
<tr><td></td><td>ब.उ.शि.न.३६५८०७०</td><td></td></tr>
<tr><td>२३.</td><td>उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराँउदा सम्झौतामा उल्लेखित शर्त अनुसार कार्य गर्नुपर्ने र रकम उपलब्ध गराउदा पनि बढी कार्य गरेको भए पनि कार्य सम्पन्न प्रतिवेदनकै आधारमा सम्झौतामा तोकिएको भन्दा बढी रकम उपलब्ध गराउनु हुँदैन । कार्यालयले देहायको उपभोक्ता समितिसँग ग्रामिण सडक निर्माण कार्य वापत निम्न अनुसार रकम दिने गरी संम्झौता गरेकोमा सम्झौता भन्दा बढी रकम भुक्तानी भएको देखिएकोले उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.न.।मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>संम्झौता रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१२/२०७४/३/१२</td><td>चु गाउ देखि वलेग्रा सम्म ग्रामिण सडक निर्माण उ.स.</td><td>१९५९८१३.३३</td><td>२१८०७५९.००</td><td>२२०९४५.४७</td></tr>
<tr><td>११/२०७५/३/११</td><td>पालुङ सिँचाई मर्मत योजना निर्माण उ.स.</td><td>२८४८३७.२४</td><td>३८५२६६.००</td><td>१००४२८.७६</td></tr>
<tr><td>८/२०७४/२/२२</td><td>खदाङ्ग देखि ल्हा सम्म ग्रामिण सडक निर्माण उ.स.</td><td>८७४३८९.००</td><td>९७९३८९.००</td><td>१०५४८१.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४२६८५५.२३</td></tr>
</table></td><td>४,२६,८५५.२३</td></tr>
<tr><td></td><td>ब.उ.शि.न. ३२५१०६४</td><td></td></tr>
<tr><td>२४.</td><td>कार्यालयले निर्माण कार्यको लागत अनुमान बनाउदा यथासंम्भव मितव्ययी हुने ढंगले जिल्ला दररेट एंव स्वीकृत नर्म्स तथा स्थापित दरलाई आधार लिनुपर्दछ । सडक बिभागबाट २०४१ सालमा प्रकाशित नर्म्स अनुसार १२ म्यान्डेजले जिल्ला दररेट अनुसार दर कायम गर्नुपर्नेमा ब्लाष्टिङ बिनाको श्रममूलक काममा १७ म्यान्डेज राखी बढी दर तयार गरेको र अन्य आईटममा दर बिश्लेषण अनुसार दर राख्नुपर्नेमा बढी दर राखी भुक्तानी गरेको देखियो । नर्म्स तथा दर बिश्लेषण भन्दा बढी दरले भुक्तानी गरेको नियमानुसार रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.</td><td>२,४१,६३९.६३</td></tr>
</table>

## त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा

| दफा | विवरण | रकम |
|---|---|---|

| गो.भा.न.।मति | उपभोक्ता समितिको नाम | कामको बिवरण | परीमाण( ब.मी) | भुक्तानी दर | हुनुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २/०७५/३/२५ | मँहु हुम हुदै वटडी सम्म पर्यटकीय पदमार्ग निर्माण उ.स. | हार्ड कटिङ्ग<br>सुख्खा ढुँङ्गाको पर्खाल | १५.३४<br>३६.५६ | ११२२०.००<br>४५२५.०० | ७९२०.००<br>३१९५.०० | ३३००.००<br>१३३०.०० | ५०६२२.००<br>४८६२४.०० |
| ३/०७५/३/२५ | मष्टा भवानी मन्दिर निर्माण उ.स. | ढुँङ्गाको पर्खाल लगाउने काम | १४.७५ | १९२६३.७१ | १०७३२.८० | ८५३०.९१ | १२५८३०.९२ |
| ४/०७५/३/२५ | मष्टा भवानी मन्दिर निर्माण उ.स. | पि.सी.सी. | २.७० | २७५५५.२५ | २१४२०.५७ | ६१३४.६८ | १६५६३.६३ |
| | | | | | | **जम्मा** | **२४१६३९.६३** |

**बित्तिय समानिकरण अनुदान पुंजीगततर्फ**

२५. आयकर ऐन,२०५८ को दफा ८८ मा भाडा बापत रकम भुक्तानी गर्दा श्रोतमा १० प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । छनौटगरी परीक्षण गरिएका केही गोश्वारा भौचरसँग सम्बन्धित फांटवारीमा  निम्न भौ.न.र मितिबाट उपभोक्ता समिति एवं कार्यालबाट ढुवानी खर्च भुक्तानी गर्दा १० प्रतिशतको दरले हुने रु.५३,८१८।०० बहाल करकट्टी गरेको नदेखिएकोले छुट कर असुलउपर गर्नुपर्ने रु. — ९५६११.७०

| भौ.नं।मिति | उपभोक्ता समितिको नाम | ढुवानीकर्ता | ढुवानी रकम | छुट रकम |
|---|---|---|---|---|
| २८३/०७५/३/२५ | खानी खोला नर्सरी घेरावार निर्माण उ.स. | जय भोले नाथ ढुवानी सेवा | १९३५३०.०० | १९३५३.०० |
| २५३/०७५/३/२५ | ढुङ्गे डाडा तौल सम्म घेरावार निर्माण उ.स. | जय भोले नाथ ढुवानी सेवा | २४७१५८.०० | २४७९५.०० |

**त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा**

| दफा | विवरण | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३१३/२०७५/२/२२ | ना.प्र. से.प्रा. अक्कल सेजुवाल | बिभिन्न जिप | ९७५००.०० | ९७५०.०० |
| २४३/२०७५/३/१९ | सरस्वती मा.बि. घेरावार निर्माण उ.स. | आसिस कार्गो सर्भिस | २८२३३७.०० | २८२३३.७० |
| १९०/२०७५/२/२ | नवराज बुढाथोकी | बि.सि. ट्रेड एण्ड सप्लायर्स | १३४८००.०० | १३४८०.०० |
| | | | **जम्मा** | **९५६११.७०** |

| दफा | विवरण | रकम |
|---|---|---|
| २६. | आयकर ऐन,२०५८ को दफा ८८ अनुसार परामर्श भुक्तानीमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले त्रिपुराकोट देखि मुकुटेश्वर टिकाल हुदै फोक्सुण्डो सम्मका पर्यटकीय पदमार्गको स्थलगत अध्ययन सर्भे गरेवापत डोल्पाको सर्वाङ्गीण बिकास समाजलाई रु.१३००००।०० भुक्तानी गरेकोमा ऐन अनुसार १५ प्रतिशतको दरले रु.१९५००।०० अग्रिम करकट्टी गरेको नदेखिएकोले छुट कर असुलउपर गर्नुपर्ने रु. | १९५००.०० |
| २७. | कार्यालयले लागत अनुमान तयार गर्दा यथासंम्भव मितव्ययी हुने ढङ्गले स्वीकृत नर्म्स र स्थापित मापदण्डलाई आधार मानी जिल्ला दररेट अनुसार तयार गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समितिसँग संम्झौता गर्नुपुर्व तयार गरेको लागत अनुमान एवं दर बिशेषण तयार गर्दा तोकिएको नर्म्स भन्दा बढी दर राख्ने गरेको कारण उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको देखियो । छनौट गरी परीक्षण गरिएका केही गोश्वारा भौचर परीक्षण गर्दा बढीदरमा भुक्तानी भएको ग्याबिन खरिद र प्रयोगमा समानता नरहेको देखिएकोले देहायअनुसार बढी रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | २०३४५७५.४३ |

| भौ.नं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | परिमाण | भुक्तानी दर | हुनुपर्ने भुत्तानी | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३१५/०७५/३/२५ | देउराली आधारभुत विधालय नि.उ.स. | काठको काम | ५.३७ घ.मि. | ४९,९३८.३० | ३६,७०८.३० | १३,२३०.०० | **७१०४५.१०** |
| २८६//०७५/३/२५ | मद्दु गाउँ बिच तटवन्ध निर्माण | ग्यावित वक्स (२×१×१) | २० गोटा | १४,३७५.३१ | १०,२३७.११ | ४१३८.२० | ८२,७६४.०० |
| | | ग्यावित वक्स (२×१×१) | २५ गोटा | २०,९७१.२० | १४,७६३.९० | ६२०७.३० | १,५५,१८२.५० |
| | | ग्यावित खरिद तथा ढुवानी ७गोटा | ७ गोटा | | | ६२०७.३० | ४३,४५१.१० |

## त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा

| दफा | विवरण | रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रयोग | | | | | |
| | | | | | | जम्मा | २,८१,३९७.६० |
| २९६/०७५/३/५ | फापर खेती गह्रा सुधार नि.उ.स. | सुख्खा ढुंगाको पर्खाल | २२१.४ घ.मि | ६५९४.६० | ३२००.०० | ३३९४.६० | **७,५१,५६४.४४** |
| २७७/०७५/३/५ | गोरुले देखि घोडेटो काटो नि.उ.स. | सुख्खा ढुंगाको पर्खाल | ४८.००घ.मि | ५४९१.०० | ३२००.०० | २२९१.०० | **१,०९,९६८.००** |
| २३४/०७५/३/१७ | रति गाउँ देखि चौतारा सम्म घोडेटो बाटो नि.उ.स. | सुख्खा ढुंगाको पर्खाल | १२७.२४घ.मि | ४५२५ | ३२००.०० | १३२५.०० | **१,६८,७२५.५०** |
| २९५/०७५/३/२५ | घोरखोर घेरावार निर्माण उपभोक्ता समिति | सुख्खा ढुंगाको पर्खाल | ३१३.३२ | ५२८०.५४ | ३२०० | २०८०.५४ | **६५१८७४.७९** |
| **कुलजम्मा** | | | | | | | **२०३४५७५.४३** |

२८. कार्यालयले निर्माण कार्यको लागत अनुमान बनाउदा यथासंभव मितव्ययीहुने ढंगले जिल्ला दर रेट अनुसार एवं स्वीकृत नर्म्स तथा स्थापित मापदण्डको आधार लिनुपर्दछ। कार्यालयले निम्नानुसार निर्माण कार्यमा हार्डकटिङ्गमा सडक विभागबाट २०४१ सालमा प्रकाशित गरेको दर १२ म्याण्डेजले जिल्ला दररेट अनुसार दर कायम गर्नुपर्नेमा ब्लाष्टिङ्ग विनाको श्रममूलक काममा १७ म्याण्डेज राखि बढी दर उल्लेख गरेको र अन्य आईटममा दर विश्लेषण अनुसार राख्नुपर्ने भन्दा बढी दर राखी भुक्तानी दिएकोले असुलउपर गर्नुपर्ने रु. — ७,४४,८२०.००

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | परिमाण | भुक्तानी दर | हुनुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २४७/०७५/३/२० | ढुंगेडाडा देखि तौल सम्म घोडेटो बाटो नि.उ.स. | हार्ड रक कटिङ्ग | २५.३९ घ.मि. | ११२२०.०० | ७९२०.०० | ३३००.०० | ८३,७८७.०० |
| ३५८/०७५/२/२५ | सुमानी देखि रङ्ग सम्म मोटर बाटो नि.उ.स. | हार्ड रक कटिङ्ग | ८९.१० घ.मि. | ११२२०.०० | ७९२०.०० | ३३००.०० | २,९४,०३०.०० |
| २६१/०७५/३/२० | लिफु देखि दामु सम्म घोडेटो बाटो नि.उ.स. | हार्ड रक कटिङ्ग | ३०.६० घ.मि. | ११२२०.०० | ७९२०.०० | ३३००.०० | १,००,९८०.०० |
| २३४/०७५/३/१७ | रति गाँउदेखि चौतारा सम्म घोडेटो बाटो नि.उ.स. | हार्ड रक कटिङ्ग | ५७.५० घ.मि. | ११२२०.०० | ७९२०.०० | ३३००.०० | १,८९,७५०.०० |

**त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा**

| दफा | विवरण | रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५३/०७५/३२० | तल्ले छामी देखि डाक सम्म घोडेटो बाटो नि.उ.स. | हार्ड रक कटिङ्ग | २३.१० घ.मि. | ११२२०.०० | ७९२०.०० | ३३००.०० | ७६,२७३.०० |
| **जम्मा** | | | | | | | **७४४८२०.००** |

| दफा | विवरण | रकम |
|---|---|---|
| २९. | शेर गाउँ खानेपानी निर्माण उपभोक्ता समितिलाई खानेपानी निर्माणको कार्य गर्न सम्झौता अनुसार उपभोक्ता समितिले पेश गरेको ठेक्का विल तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा कार्यालयको अंश रु.२३,६३,९३६। भुक्तानी दिएको छ । उपभोक्ताले अपि गपि ढुवानी सेवा र ट्रेड एण्ड सप्लायर्सबाट ३२ एम एम ६ के.जी.को १००० के.जी. अर्थात ३०० मिटर खरिद गरेको देखियो । संलग्न ठेक्का विलमा ३२ एम एम को ६ के.जी.को ४०० मिटर र २० एम एम को १० के.जी.को २७०० मिटर संलग्न गरी रकम भुक्तानी लिएको छ । उपभोक्ताले सामान खरिद गरेको भन्दा बढी परिमाण विलमा संलग्न गरेको ३२ एम एम ६ के.जी.को १०० मिटरको रु. ११७५० ले हुने रु.११,७५०। र खरिदनै नगरी विलमा चढाएको २० एम एमको १० के.जी.को २७०० मिटरको प्रति के.जी. रु.६३।१९ को दरले हुने रु.१,७०,४५१।०० समेत रु. १,८२,२०१।०० तथा पाइपलाइन बढी पुरेको देखाएको २४०० मिटरको रु. ६७.६१ को दरले हुने रु.१,६२,२६४।०० समेत रु. ३,४४,४६५।०० बढी भुक्तानी लिएको उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | ३,४४,४६५.०० |
| ३०. | उपभोक्तासँग सम्झौता गरी काम सम्पन्न गर्दा उपभोक्ताले खरिद गरेको सामाग्री एवं प्रयोग सामाग्रीलाई वास्तविक नापी गरी ठेक्का विल तयार गर्नु पर्दछ । कुनौटा देखि खोपु ज्यूला सिंचाई कुलो निर्माण उपभोक्ता समिति बिच कुलो निर्माण सम्झौता भई सम्झौता अनुसार कार्यालयको अंश रु. २३,४१,७८१।०० भुक्तानी दिएको छ । संलग्न ठेक्का विल परीक्षण गर्दा निम्नानुसार बढी भुक्तानी दिएकोले देखिएकोले रु.३३,७४१।६० उपभोक्ताबाट असुलउपर गर्नुपर्ने रु. | ३३,७४१.६० |

| सि.नं. | कामको विवरण | परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | ग्याविन भरेको | २ | ६१०९६.२० | १२,२१२.४० |
| २ | ग्याविन बनाएको | ४ | ५९३.०० | २३७२.०० |
| ३ | ग्याविन खरिद तथा ढुवानी | ४ | ४७८९.३० | १९,१५७.२० |
| **जम्मा** | | | | **३३,७४१.६०** |

| दफा | विवरण | रकम |
|---|---|---|
| ३१. | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा बजेट तथा कार्यक्रम अनुसारका रितपुर्वकको बिल भरपाई रहे नरहेको खर्च गर्न पाँउने आधार समेत जाँच गरी खर्च स्विकृत गरेर लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले नियमित रुपमा हुने खर्च चिया, खाजा लगायतको खर्च चालु सशर्त अनुदान तथा बित्तिय समानिकरण चालुबाट खर्च भएको अवस्थामा निम्न भौ.नं. र मितिबाट दाल, चामल, चिनी, चना आदि खाद्यान्न खरिद गरेको देखाई रु.११,६९,९५०।०० पुंजीगतबाट भुक्तानी दिएको छ । सरकारी सम्पती उचित प्रयोग र उपलव्धी विना खर्च गर्न पाउने पुष्ट्याई समेतको आधार प्रमाण नभएकोले सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु. | ११,६९,९५०.०० |

<table>
<tr><th colspan="3">त्रिपुरा सुन्दरी नगरपालिका, डोल्या</th></tr>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ.नं./ मिति</th><th>आपुर्तकको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३४४/२०७५/३/२५</td><td>धर्म किराना पशल, त्रिपुरा सुन्दरी (तीन विल)</td><td>६,१९,९५०.००</td></tr>
<tr><td>३०२/२०७५/३/२५</td><td>धर्म किराना पशल, त्रिपुरा सुन्दरी</td><td>५,५७,०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११,६९,९५०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२.</td><td>सूचना प्रविधि अधिकृत हेमन्त बराललाई नगरपालिकाको प्रोफाइल तयार गर्न उपलव्ध गराएको पेश्की रु.१,००,०००। लेखापरीक्षण अवधि सम्म पनि फछ्र्यौट नभएको हुदा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार असुल फछ्र्यौट गर्नुपर्ने रु.</td><td>१,००,०००.००</td></tr>
<tr><td>३३.</td><td>काफर देखि दापु हुदै लिकु सम्म खानेपानी निर्माण उपभोक्ता समिति सँग खानेपानी निर्माण गर्न सम्झौता भए अनुसार कार्यालयको अंश रु. १८,७५,०००।०० भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको ठेक्का विलमा ३२ एम एम को ६ के.जी.को एच डि पी पाइप खरिद गरेको भन्दा ८०० मिटर बढी चढाई रु.१०५।०० को दरले रु.८४,०००।०० र सोही बढी खरिद अनुसार खन्ने ८०० मिटरको ४३२ घनमिटरको प्रति घनमिटर रु.१९६।०० ले हुने रु. ८४,६७२।०० तथा ४३२ घनमिटरको पुर्ने रु.१६५।०० को दरले रु.७१,२८०।०० समेत रु.२,३९,९५२ बढी भुक्तानी दिएको उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.</td><td>२,३९,९५२.००</td></tr>
<tr><td>३४.</td><td>तिर्थ खोलाबाट छल मन्दिर खानेपानी निर्माण गर्न तिर्थस्थल जलाधार निर्माण उपभोक्ता समितिसँग सम्झौता भई रु.९,७८,१९२। भुक्तानी दिएकोमा संलग्न फाँटवारीमा ठेक्का विल एवं कार्य सम्पन्न प्रतिवेदन समेत प्रमाण पेश गरेको छैन । उक्त निर्माण कार्य सम्बन्धमा छानबिन गरी प्राविधिक मूल्याँकन र कार्य सम्पन्न प्रतिवदेन पेश गर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.</td><td>९,७८,१९२.००</td></tr>
<tr><td>३५.</td><td>मष्टा आधारभुत विद्यालय भवन निर्माण उपभोक्ता समितिलाई सम्झौता अनुसार ठेक्का विल एवं कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु.९,०४,६७६।०० भुक्तानी दिएको छ। संलग्न फाटवारीमा भएको दर विश्लेषणमा ढोका झ्यालको चौकोस प्रति स्क्वायर रु.१०,९४८।०४ हुनुपर्नेमा रु.१२,२८८।०४ को दरले रकम भुक्तानी भएको देखियो । ठेक्का विलमा उल्लेखित ढोका तथा झ्यालको चौकोस १३.८९ वर्ग स्क्वायरको रु.१२६०।०० को दरले भुक्तानी हुँदा उपभोक्तालाई रु.१७,५०१।४० बढी भुक्तानी भएको देखिएकोले उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.</td><td>१७,५०१.४०</td></tr>
<tr><td>३६.</td><td>उपभोक्ता समितिलाई रकम भुक्तानी दिनु पुर्व ठेक्का विल एवं कार्यसम्पन्न प्रतिवेदन संलग्न गरी सम्झौताको आधारमा रकम भुक्तानी दिनुपर्छ । भुजेनी कृषक समुहलाई विद्युतिय घट्टको सामान खरिद गरेको भनी रु.४,१८,४६२।०० उपलब्ध गराएको छ । सम्झौता अनुसार समुहलाई विद्युतिय घट्टको ठेक्का विल एवं कार्य सम्पन्न प्रतिवेदन वेगर रकम भुक्तानी दिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४,१८,४६२.००</td></tr>
<tr><td>३७.</td><td>घट्टे खोला ग्रामिण पर्खाल निर्माण उपभोक्ता समितिलाई सम्झौता अनुसार कार्यालयको अंश रु. ९,५०,०००।०० भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको ठेक्का विल एवं</td><td>२,७१,५८०.४०</td></tr>
</table>

| त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| दफा | विवरण | रकम |
| | कार्यसम्पन्न प्रतिवेदनमा ग्याविन (२×१×१) खरिद गरिएको भन्दा १४ गोटा बढी विलमा चढाई प्रति ग्याबियन रु.७०९५।०० को दरले ९९,३२०।०० र बढी ग्याबियन फिलिङ्ग ४२ घनमिटरको रु.४१०१।२० को दरले हुने रु. १,७२,२५०।४० समेत रु.. २,७१,५८०।४० बढी भुक्तानी भएको रु. २,७१,५८०।४० उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | |
| ३८. | गाडे खोला तटवन्ध निर्माण उपभोक्ता समितिलाई सम्झौता अनुसार कार्यालयको अंश रु. १०,७२,९७५।०० भुक्तानी गरेको छ । संलग्न फाटवारी परीक्षण गर्दा खरिद गरिएको र प्रयोग भएको सामाग्री मात्र नापीमा चढाई सोही आधारमा रकम भुक्तानी गर्नुपर्नेमा ग्याबियन वक्स ५० थानको रु. ४९४९।०० को दरले रु.२,४७,४५०। र १०० घनमिटर फिलिङ्ग प्रति घनमिटर रु.३४११।५० को दरले हुने रु.३१११५।०० समेत रु.२,८१,५६५। बढी भुक्तानी दिएको देखिएकोले असुलउपर हुनुपर्ने रु. | २,८१,५६५.०० |
| ३९. | सिपमूलक तालिम सञ्चालन गर्दा तालिममा सहभागी हुनेको संख्या, शिक्षकको व्यवस्था, तालिम सामाग्री, उपयुक्त स्थान लगायतको विवरण तयार गरी लागत अनुमान तयार गर्नु पर्दछ । सिलाई तालिम उपभोक्ता समितिसँग सम्झौता गरी तालिम सञ्चालन गरे वापत कार्यालयको अंश रु. ६,६५,०००।०० भुक्तानी दिएकोमा तालिममा सहभागी प्रशिक्षक, तालिम सञ्चालन दिन, कुन स्थानमा तालिम सञ्चालन भएको, तालिम प्राप्त गरे पछि सहभागीलाई तालिम प्रमाण पत्र प्रदान गरेको सम्वन्धी विवरण संलग्न फाँटवारीमा देखिएन । फाँटवारीमा प्रवेदा सिलाई मेशिन इम्पोरियम दुनै बाट १२ थान सिलाई मेशिन लगायतको सामान रु.१,७४,१२६।०० र रु.५,१७,८७४।०० मूल्यमा विभिन्न कपडा सहित रु.६,६५,०००।०० को विल संलग्न गरेकोमा तालिममा रु. ५,१७,८७४।०० मूल्यको कपडा प्रयोग भए नभएको, १२ थान सिलाई मेशिन तालिम पछि कसकसले उपभोग गरेको आदि विवरण फाटवारीमा नभएको हुदा सिलाई तालिम खर्च समुदायको हित अनुकुल भए नभएको स्पष्ट पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्ने रु. | ६,६५,०००.०० |
| ४०. | गोरु खोला फिग कुला स्याउ खेती सिंचाई उपभोक्ता समितिलाई सिंचाई कार्य सम्पन्न गरे वापत सम्भौता अनुसार रु.१५,८८,५००।०० भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको ठेक्का विल सहितको फाँटवारीमा डि.डि. ब्रद्रर्स एण्ड सप्लायर्सबाट खरिद गरेको भन्दा ५२० मिटर पाइप बढी नापी गरी प्रति मिटर रु. ६५।९१ को दरले रु.३४,२७३।२० बढी भुक्तानी भएको देखियो । वास्तविक प्रयोग भन्दा बढी नापी गरी भुक्तानी दिएको रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | ३४,२७३.२० |
| ४०.१ | उपभोक्तालाई रकम उपलव्ध गराउदा लागत अनुमान अनुसार नापी गरी नापीको आधारमा उपलब्धीको परिमाणलाई स्वीकृत दररेटले हिसाव गरी भुक्तानी दिनुपर्दछ । खानी खोला नर्सरी घेरावार निर्माण उपभोक्ता समितिलाई घेरावारको कार्य सम्पन्न गरे वापत रु.९,४६,५५० भुक्तानी गर्दा उपभोक्ताले पेश गरेको ठेक्का विलमा ६ लाईनको काडेतार ३४८ मिटर लगाएको देखियो । परिमाण विश्लेषण अनुसार प्रति १.५ मिटरमा १ पोल ( एङ्गल) प्रयोग गर्ने उल्लेख छ । परिमाण एवं दर विश्लेषण अनुसार ३४८ मिटर लामो काडेतारलाई २३२ एङ्गल भए पुग्दछ । परिमाण एवं दर विश्लेषणमा एक एङ्गलको तौल ७ के.जी. हुदा २३२ एङ्गलको १६२४ के.जी.फलामको मात्र भुक्तानी दिनुपर्नेमा २४३६ के.जी फलामको भुक्तानी दिदा ८१२ के.जी. फलामको प्रति केजी रु.१९८।१५ को दरले हुने | |

<table>
<tr><th colspan="3">त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा</th></tr>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>रु.१,६०,८९७।८० बढी भुक्तानी भएकोले उक्त रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.</td><td>१,६०,८९७.८०</td></tr>
<tr><td>४०.२</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा अन्तिम भुक्तानी हुदा कार्य स्वीकार प्रतिवेदन तयार गरी मात्र रकम भुक्तानी दिनु पर्नेमा कार्य स्वीकार प्रतिवेदन वेगर रकम भुक्तानी दिएको हुदा निर्माण कार्यको अन्तिम बिल तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>९,४६,५५०.००</td></tr>
<tr><td>४१.</td><td>पानी मुल देखि दिवारसम्म तटवन्ध निर्माण उपभोक्ता समितिलाई तटवन्धको काम गरे वापत सम्झौता अनुसार  कार्यालयको अंश रु.१९,१५,९३३।०० भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको संलग्न फाटवारीमा खरिद गरेको ग्याविन वक्स भन्दा १९ गोटा बढी विलमा चढाई प्रति वक्स रु.४९४९।०० ले हुने रु.९४,०३१।०० र ग्याविन फिलिङ्ग १२४ घनमिटर बढी विलमा चढाई प्रति घनमिटर रु. ४७७८।९३ को दरले रु.५,९२,५८२।३२ समेत रु.६,८६,६१८।३२ बढी भुक्तानी दिएको देखियो । खरिद एवं प्रयोग हुने ग्याविन भन्दा बढी विलमा चढाई थप व्ययभार पारेको रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.</td><td>६,८६,६१८.३२</td></tr>
<tr><td>४२.</td><td>उपभोक्तालाई निर्माण कार्यको विल प्राप्त भएपछि दर विश्लेषणमा उल्लेख भएको दर भिडान गरी रकम भुक्तानी दिनुपर्दछ । सुपारी देखि रङ्गसम्म मोटर बाटो निर्माण उपभोक्ता समितिलाई कार्य सम्पन्न गरे वापत सम्झौता अनुसार निर्माण विलको आधारमा रु.२९,४५,०००।०० भुक्तानी दिएको छ । दर विश्लेषण अनुसार २×१×१ साइजको ग्याविन २० गोटाको रु.८२,०७।३१ राख्नुपर्नेमा रु.१४,३७५।३१ को दर राखेकोले रु.६१७१।०० बढी दर राख्दा रु.१,२३,४२०।०० र ३×१×१ साइजको ग्याविन वक्स २० गोटाको रु.१४,८००।०० दर राख्नुपर्नेमा रु.२०,९७१।२० राखेकोले रु.६१७१।०० बढी दर राख्दा रु.१३०,४२०।०० समेत २,४६,८४०। बढी भुक्तानी भएकोले बढी दर राखि थप व्ययभार पारेको रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.</td><td>२,४६,८४०.००</td></tr>
<tr><td>४३.</td><td>उपभोक्तालाई विल रकम भुक्तानी गर्दा नापी किताव र वास्तविक प्रयोग भएको आधारमा मात्र रकम भुक्तानी दिनुपर्दछ । चु खानेपानी तथा जनप्रिय प्रा.वि. निर्माण उपभोक्ता समितिलाई सम्झौता अनुसार उपभोक्ताले पेश गरेको निर्माण कार्यको विलको आधारमा रु.८,४६,९४१।०० भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको निर्माण कार्यको विलमा ३२ एम एम को ९०० मिटर र २० एम एम को ११०० गरी जम्मा २००० मिटर पाइप प्रयोग गरेको देखाइएको छ । विलमा खन्ने र पुर्ने कार्य ३०८ घनमिटर अर्थात ५७० मिटर मात्र भएको देखियो । तसर्थ वास्तविक प्रयोग भएको पाईप भन्दा निम्नानुसार बढी पाईप प्रयोग देखाई भुक्तानी लिएको रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.
<table>
<tr><th>पाइप</th><th>मिटर</th><th>भुक्तानी दर</th><th>बढी दर</th></tr>
<tr><td>३२ एम एम एच डि पि</td><td>९००</td><td>१०५.००</td><td>९५,५००.००</td></tr>
<tr><td>२० एम एम एच डि पि</td><td>५३०</td><td>७१.७४</td><td>९८,०२२.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,९२,५२२.००</td></tr>
</table></td><td>१,९२,५२२</td></tr>
<tr><td>४४.</td><td>सरस्वती मा.वि घेरावार निर्माण उपभोक्ता समितलाई सम्झौता अनुसार कार्यसम्पन्न गरेको</td><td>१,१७,०७१.२५</td></tr>
</table>

| त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| दफा | विवरण | रकम |
| | आधारमा रु.१२,०९,३३० भुक्तानी दिएको छ। उपभोक्ताले पेश गरेको संलग्न फाटवारी परीक्षण गर्दा निर्माण कार्यको विलमा पि.सि.सि.१:२:४ को कार्य १९.९७ घनमिटर रहेको छ। दर विश्लेषण अनुसार ११० वटा एङ्गलमा नर्म्स अनुसार ११०×०.१६२ = १७.८२ घनमिटर मात्र लाग्नेमा २.५ घनमिटर बढी पि.सि.सि. देखाई रु.१,१७,०७१।२५ बढी भुक्तानी भएकोले उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | |
| ४५. | मूल वीउ केन्द्र निर्माण उपभोक्ता समितिलाई रु.३७,५८,२८५।०० को लागतमा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो । उपभोक्ता समितिले पेश गरेको ठेक्का विल को आधारमा प्रथम रनिङ्ग विल वापत रु. १६,११,८६०।०० भुक्तानी गरेकोमा कार्यालयले माटो सहित ढुंगाको पर्खाल  लगाउने काम २२६.८ घनमिटरको रु.९३३२।०३ को दरले रु.२१,१६,५०३।९५ सहित रु.३७,५८,२५८।३८ को लागत अनुमान तयार गरेको देखियो । काँडेतार लगाउने काम मात्र गरेकोमा लागत अनुमानमा ढुंगाको पर्खाल लगाउनु पर्ने कारण स्पष्ट नभएकाले यस सम्बन्धमा छानविन हुनुपर्दछ । लागत अनुमानको ठुलो अंक देखाई उपभोक्ता समितिसँग सम्झौता गरेको र सोही सम्झौताको शर्त अनुसार प्रथम रनिङ्ग विलको काम भएको रु.१६,१७,८८६।१४ को ६६.४१ प्रतिशतले हुने रु.१०,७४,४३८।१८ मात्र भुक्तानी दिनुपर्नेमा रु.१६,११,८६०।०० भुक्तानी दिएकोले सम्झौता अनुसार रु.५,३७,४२१।८२ बढी भुक्तानी भएकोले रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | ५,३७,४२१.८२ |
| ४५.१ | आयकर ऐन, २०५८ को दफा ८८ मा ढुवानी भाडामा १० प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ताले काँडेतार र फलामको एङ्गल ढुवानी गरे वापत श्री जय भोलेनाथ ढुवानी सेवालाईभाडा वापत रु.२,४७,१५८।०० भुक्तानी गर्दा सोही ऐन अनुसार १० प्रतिशतले हुने रु.२४,७१५।८० अग्रिम कर कट्टी गरेको नदेखिएकोले छुटकर सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु. | २४,७१५.०० |
| ४६. | डोल्पा सर्वाङ्गिण विकास समाज डोल्पालाई डाले चुकको नर्सरी निर्माण, प्रदर्शनी प्लट स्थापना तथा पुस्तक प्रकाशन एवं ढुवानी गरेवापत उपभोक्ताले पेश गरेको ठेक्का विल एवं कार्य सम्पन्न प्रतिवेदनको आधारमा कार्यालयको अंश रु. १२,७४,०४६ भुक्तानी दिएकोमा संलग्न फाटवारी परीक्षण गर्दा ठेक्का विलमा पुस्तक प्रकाशन तथा ढुवानी वापत कार्यालयको अंश रु.५,५०,०००। भुक्तानी समेत संलग्न छ । लागत अनुमानमा पुस्तकको संख्या, छपाई खर्च तथा ढुवानी वापत दर विश्लेषण नगरेको र के कति संख्या आवश्यक पर्दछ सो समेत यकिन नगरेको हुदा खर्च रकम बारे आश्वस्त हुन सकिएन । यस सम्बन्धमा छानविन गरी प्रमाण पेश हुनुपर्ने अन्यथा असुलउपर गर्नुपने रु. | ५,५०,०००.०० |
| ४७. | गल्ली सिंचाई निर्माण उपभोक्ता समितिलाई सिंचाई कार्य सम्पन्न गरे वापत सम्झौता अनुसार कार्यालयको अंश रु.५,३२,०००।०० भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको ठेक्का विलमा ग्याविन वक्स ४० गोटा चढाई भुक्तानी दिएको छ । उपभोक्ताले पुर्णगिरी ट्रेडर्सबाट २९ गोटा मात्र ग्याविन जाली खरिद गरी प्रयोग गरेको पाइएकोले बढी ग्याविन वक्स ११ गोटाको प्रति वक्स रु. ८९६२।२७ को दरले हुने  रु.९८,५८४।९७ र २२ घनमिटर फिलिङ्ग गरेको प्रति घनमिटर रु.४५४०।०० को दरले हुने रु.९९,८८०।०० समेत रु.१,९८,४६४।९७ बढी भुक्तानीदेखियो । खरिद बिल भन्दा बढी प्रयोग देखाई भुक्तानी गरेको रकम उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | १,९८४६४.९७ |

| त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा | | |
|---|---|---|
| **दफा** | **विवरण** | **रकम** |
| ४८. | कोली वगर देखि पानी हाल्ना सम्मको खानेपानी मर्मत उपभोक्ता समितिलाई सम्झौता गरी कार्यालयको अंश वापत रु. २,६४,१४४।०० भुक्तानी दिएको छ । उपभोक्ता समितिले पेश गरेको ठेक्का विलमा १९१२.२५ मिटर पाइप प्रयोग गरेको देखाए पनि पाइप पुर्ने काम ९५६.२५ घनमिटर अर्थात १७७०.८३ रनिङ्ग मिटर मात्र भएको हुदा वास्तविक पाइप भन्दा १४१.४२ मिटर पाइपको प्रति मिटर रु.२८९।६७ को दरले रु.४०,९६५।१३ बढी भुक्तानी दिएको हुदा उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु. | ४०,९६५.१३ |
| ४९. | लघु उद्योगलाई प्रोत्साहन स्वरुप अनुदान वा सरकारी सुविधा उपलव्ध गराउन घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको, स्थायी लेखा नम्बर लिएको, उद्योगको कार्ययोजना र उद्योग स्थापना भएको हुनुपर्दछ । कार्यालयले अनुदान रकम उपलव्ध गराई सके पछि उद्योग स्थापना भई सञ्चालन भएको आधिकारिक प्रमाण पेश भएको छैन । कार्यालयले लघु काष्ठ चिरान उद्योगसमितिलाई सम्झौता वेगर नै उपभोक्ताले ग्रेण्डर मेशिन, मोटर, आरा लगायतका सामान खरिद गरेको विलको आधारमा पेश्की फछ्र्यौट सहित रु. ७,६०,०००।०० भुक्तानी गरेको छ । माथिको प्रकृया वेगर नै एक समिति खडा गरी व्यक्ति विशेषलाई रकम उपलव्ध गराउनु उचित देखिएन । तसर्थ उद्योग स्थापनाको प्रमाणपत्र, पान नं.र उद्योगको स्वामित्व समुहमा रहेका प्रमाण सहित पेश हुनुपर्ने अन्यथा उक्त रकम असुलउपर गर्नुपर्ने रु. | ७,६०,०००.०० |
| | **कर्णाली रोजगार कार्यक्रम** | |
| ५०. | मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १७ मा मू.अ.करमा दर्ता भएको फर्मले अनुसूची ५(क) मा उल्लेख भए अनुसारको रीतपुर्वकको विजक जारी गर्नुपर्दछ । कार्यालयले ८ स्थानको मोर्डन कर्णाली ईन्जिनियरिङ्ग तथा बिकास परामर्श प्रा ली लाई ७.१३ कि.मि.बाटोको सर्भे, डिजाइन, लागत अनुमान बनाउने कार्य सम्पन्न गर्न सम्झौता भएकोमा सम्झौता अनुसार रु.११,४०,०००।०० भुक्तानी दिएको छ । परामर्शदातालाई भुक्तानी गर्दा लागत अनुमान तयार गरिएको देखिएन साथै परामर्शदाताले पेश गरेको कर विजक केरमेट गरी सच्याइएको पाइएकोले रु.१,३१,०५७।१७ आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको  मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १,३१,०५७.१७ |
| ५१. | कार्यालयले भाडा खर्च लेख्दा के कुन सामान कहाँबाट के कुन प्रयोगको लागि ल्याएको हो सोको विवरण सहित उल्लेख गर्नुपर्दछ । कार्यालयले डोल्पो सागर ट्रभल्स एण्ड टुर प्रा.लि.को रिसिप्ट राखी रु.१,८७,१२०।०० भुक्तानी गरेको छ । उक्त प्रा.लि. बाट के कुन सामान, के कुन स्थानबाट के कुन प्रयोजनको लागि ल्याएको हो सो खर्च पुष्ट्याई हुने आधार पेश गरेको छैन साथै आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ढुवानीमा १० प्रतिशतको दरले रु.१८,७१२।०० कर कट्टी गर्नुपर्नेमा रु. २७४१।०० मात्र कर कट्टी गरेकोले नपुग कर रु. १५,९७१।०० सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु. | १५,९७१.०० |

## त्रिपुरा सुन्दरी नगरपालिका, डोल्पा

| दफा | विवरण | रकम |
|---|---|---|
| | **सशर्त अनुदान (कार्यालय व्यवस्थापन)** | |
| ५२. | वडा अध्यक्षको चिया नास्ता वापत बित्तिय समानिकरण चालुबाट खर्च लेखि सकेपछि वडा व्यवस्थापन खर्चबाट पुन चियापान खर्च लेखेको रु.५६,८७५।०० खर्च लेख्न पाउने आधार नभएकोले असुलउपर हुनुपर्ने रु. | ५६,८७५.०० |
| | **वित्तीय समानिकरणः-चालुकृषि प्रसार सेवा तर्फ** | |
| ५३. | आयकर ऐन, २०५८ को दफा ८८ र ८९ (१)मा मालसामान वा सेवा खरिदमा १.५% ढुवानी तथा भाडामा १०% बहाल कर, पारिश्रमिक तथा पटके भत्तामा १५% करकट्टी गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारीलाई पेश्की दिई फछ्यौंट गरेको निम्नासारको बिल भपाई र खदिरको भुक्तानीमा ऐनको व्यवस्था अनुसार करकट्टी नगरेको र कर कट्टी गर्नुपर्नेमा घटी करकट्टी गरेको रु.१३५,३०४।- देखियो । ऐन नियमको व्यवस्था बमोजिम अग्रिम कर कट्टी नगर्दा राजश्व लक्ष्य प्राप्तिमा कमी भई सरकारलाई बजेट तथा कार्यक्रम सञ्चालन गर्न असर गर्नसक्ने हुँदा करकट्टीको व्यवस्था मिलाई कर छुट भएको रकम सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु. | १,३५,३०४.०० |

| गो.भौ.नं | विवरण | खर्च रकम | लाग्ने कर | कर कट्टी | नपुग कर |
|---|---|---|---|---|---|
| ६-०७४/८/१९ | कृषि प्रसार अधिकृत भिमबहादुर धरालाको पेश्की फछ्यौंट रु.९,४७,०००।- र सोधभर्ना रु.४३०००।- समेत रु.९,९०,०००।- खर्चमध्ये ढुवानी भाडा वापत नेपालगञ्जबाट जुफाल एयरपोर्टसम्म डोल्पो सागर ट्राभल्स एण्ड टुर्स प्रा.लि. नेपालगञ्जलाई भुक्तानी | २,३७,५००/- | २३७५०/- | ०.०० | २३७५०/- |
| | उल्लेखित सिल्पोलिन प्लाष्टिक खरिद रु.२,८१,४००।- र रु.२,३८,४८६।५ खर्च मध्ये समेत शर्मा प्लाष्टिक अर्डर सप्लायर्स नेपालगञ्जलाई भुक्तानी गर्दा १.५% कर कट्टी नगरेको । | ५,१९,८८६/- | ७७९८/३० | ०.०० | ७७९८/- |
| १२-०७४/११/२३ | कृषि प्रसार अधिकृत भिम बहादुर धरालाको पेश्की फछ्यौंट रु.१४९,३०००।- र सोधभर्ना भुक्तानी रु.९६,९००। समेत रु.१५,८९,९००।- खर्च मध्ये प्रभात नर्सरी फार्म भवानीपुर-७ नेपालगञ्जबाट अंगुरको बिरुवा खरिद गर्दा १.५% कर कट्टी नगरेको | ११,७३,५९०/- | १७,६०४/- | ०.०० | १७६०४/- |
